**Tribhuvan University Journal**
**Vol. 39, No. 2: 325-340, December 2024**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/tuj.v39i2.73021**

**This work is licensed under the Creative Commons CC BY-NC License.**
**https://creativecommons.org/licenses/by-nc/4.0/**

# मुसहर बालबालिकाको शिक्षामा बहिष्करण

***मातृका प्रसाद कोइराला***

*शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, काठमाडौँ*
*Corresponding author: koiralamatrika@gmail.com*

Received date: 30 Aug. 2024 – Accepted date: 25 Sept. 2024

## लेखसार

विद्यालय उमेरका सबै बालबालिकाको शिक्षमा पहुँच भए पछि मात्र शिक्षाको दिगो विकास लक्ष्य हासिल हुन्छ । दिगो विकास लक्ष्य नम्बर ४ पूरा हुन विद्यालय उमेरका सबै बालबालिकाको शिक्षामा पहुँच पुग्नु पर्दछ । प्रस्तुत लेखमा मुसहर बालबालिहरूको शिक्षामा बहिष्करणको अवस्थाको विश्लेषण गरिएको छ । यो अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचाको घटना अध्ययन विधि र प्राथमिक र द्वितीयक दुवै स्रोतको प्रयोग गरिएको छ । प्राथमिक सूचनाहरू विद्यार्थी, अभिभावक, प्रधानाध्यापक, शिक्षक, शिक्षा शाखा प्रमुख, सहजकर्ता र वडा अध्यक्षबाट व्यक्तिगत अन्तर्वार्ता, लक्षित समूह छलफल,स्थलगत अवलोकन र नोट टिपोट गरेर पनि सूचनाहरू सङ्कलन गरिएको छ। द्वितीयक सूचनाहरू विविध स्रोतहरू-नीतिगत दस्तावेजहरूको पुनरावलोकन, सैद्धान्तिक साहित्यहरू, अनुभवजन्य प्रतिवेदनहरू र इ-स्रोतबाट सङ्कलन गरिएको छ । अध्ययनको लागि उद्देश्यमूलक नमूना छनोट विधिबाट नेपालको मधेश प्रदेशको लालबन्दी नगरपालिका वडा नम्बर चारमा रहेको मुसहर बस्ती छनोट गरिएको थियो । अध्ययनको क्रममा जन्मदर्ता, गरिबी, शिक्षणको माध्यम, वैकल्पिक शिक्षकको अभावजस्ता कारणले सबै मुसहर बालबालिकाहरू विद्यालयमा भर्ना हुन नसकेका र भर्ना भएकाहरू पनि अधिकांश आधारभूत तह पूरा नगर्दै बिचैमा छोडेको पाइयो । पहुँच बढाउन नगरपालिकाले अभिभावक शिक्षा र किशोरी शिक्षा कार्यक्रम सञ्चालन गरे पनि कार्यक्रममा सहभागीहरू नियमित नहुनु, कार्यक्रम नियमित र तोकिएको अवधिसम्म सञ्चालन नहुनु जस्ता कारणले कार्यक्रम प्रभावकारी हुन नसकेको पाइयो, यसर्थ शिक्षालाई उनीहरूको सिप तथा कामसँग जोड्नुपर्छ र आवश्यकता, रुचिअनुसार उनीहरूकै भाषामा औपचारिक तथा अनौपचारिक शिक्षा दिनुपर्छ । यसको लागि रूपान्तरणात्मक शिक्षा नीति अवलम्बन गर्नुपर्छ ।

**शब्दकुञ्जी** : अनार्य, आप्रवासी, बहिष्कृत, समावेशी, मातृभाषा

## परिचय

नेपाल विविध भाषा, जाति, धर्म, संस्कृति र भूगोल भएको देश हो । तराई/मधेशमा बसोबास गर्ने विभिन्न जातिहरूमध्ये मुसहर जाति पनि एक हो । मुसहर जाति इन्डो-आर्य (Indo-Arya) जाति समूहमा पर्दछ (TetraTech International Development[TTID] *et al.,* 2022) तर केही अध्ययन कर्ताहरूका अनुसार मुसहरहरू प्राग द्रविड प्रजातिमा पर्दछन् र यिनीहरू अनार्य वा दस्यु वर्णबाट आर्य वर्णमा आएका हुन् (Ghurye, 1961; Crooke,1974; Sahay, 2019) । हिन्दू वर्ण व्यवस्थामा समाजलाई ब्राह्मण, क्षत्री, वैश्य र शूद्र गरी चार वर्गमा विभाजन गरिएको पाइन्छ (बराल, २०५०; Subedi, 2010) । शूद्र वर्गमा पनि विभिन्न थर छन् ती सबै मानव समुदायलाई सम्बोधन गर्न दलित शब्दको प्रयोग भएको पाइन्छ (राष्ट्रिय दलित आयोग, २०८०) । मुसहरहरू आप्रवासीको रूपमा भारतबाट नेपाल आएका हुन् (Dahal,1983; Subedi, 1991; खत्री, सन् २००६; IOM, 2019) । भारतमा मुसहर जाति चरम सामाजिक बहिष्कारणमा परेका, सुविधाविहीन र अनुसूची जातिको रूपमा लिइन्छ (Sahay, 2019) ।

नेपालमा मुसहर समुदायलाई राष्ट्रिय दलित आयोगले अनुसूची -१ मा दलित समुदायका थरहरू अन्तर्गत मधेशी दलित समुदाय भनि सूचिकृत गरेको छ (राष्ट्रिय दलित आयोग, २०८०) । मुसहर तराई/मधेशको दोस्रो ठुलो दलित जातिमा पर्दछ (Giri, 2022; National Statistics Office, 2023) । यी जातिहरू नेपालका सातवटै प्रदेशमा छरिएर बसोवास गरेको पाइन्छ । सबैभन्दा बढी मधेश प्रदेशमा १ लाख ७९ हजार १ सय ५३ र कम सुदुरपश्चिम प्रदेशमा १० जनाको सङ्ख्यामा रहेका छन् (National Statistics Office, 2023) । नेपालमा मुसहरको जनसङ्ख्या २ लाख ६४ हजार ९ सय ७४ रहेको छ । यो सङ्ख्या कूल जनसङ्ख्याको ० दसमलव ९१ प्रतिशत हो । मुसहर जातिमा पनि १६ वटा थरहरू छन् (राष्ट्रिय दलित आयोग, २०८०) । मुसहर जाति माटोसम्बन्धी काम (माटो खन्ने, बोक्ने र पुर्ने) गर्ने, खेतमा मुसाले दुलोमा थुपारेको अन्न (धान,गहुँ) खनेर निकाल्ने, मुसा मार्ने, माछा मार्ने, मजदूरी गर्ने जातिको रूपमा परिचित छन् (खत्री, सन् २००६) । उनिहरू राजनीतिक रूपले पिछडिएका, सामाजिक रूपले बहिष्कृत, आर्थिक रूपले बञ्चित र शैक्षिक रूपले अत्यन्त पछाडि परेका छन् (Sahay, 2019; K.C., 2020) । शिक्षाकै कारण मुसहरहरूको समग्र विकास हुन सकेको छैन (Singh & Singh,2023) । शिक्षाबाट बञ्चित व्यक्तिले राजनैतिक, सांस्कृतिक लगायत अन्य अधिकारहरूको प्रयोग गर्न सक्दैन (कोइराला, सन् २०१३) ।

अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरमा बालबालिकाको शिक्षाको अधिकार प्रत्याभूत गर्नको लागि विभिन्न सन्धि, सम्झौता भएका छन् । सन् २०१५ मे को इन्चोक घोषणा र सेप्टेम्बर २०१५को संयुक्त राष्ट्र संघको साधारण सभाले घोषणा गरेको दिगो विकासका लक्ष्यहरू सन् २०१६ जनवरी १ बाट लागू भएको थियो । दिगो विकास लक्ष्य नम्बर ४ मा समावेशी

र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा सबैका लागि जीवनपर्यन्त शिक्षाको प्रवर्द्धन गर्ने उल्लेख छ । यी सन्धि र सम्झौतामा नेपालले हस्ताक्षर तथा अनुमोदन गरेको छ (राष्ट्रिय योजना आयोग, सन् २०१७; Koirala, 2022)।

अन्तर्राष्ट्रिय रूपमा शिक्षाको अधिकारको वहसलाई नेपाल सरकारले पनि अंगिकार गरेको छ । नेपालको संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था छ । यो संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय शिक्षा नीति, २०७६, स्रोहौं आवाधिक योजना (२०८१-२०८६) र विद्यालय शिक्षा क्षेत्र योजना (२०२१-२०३०) पनि कार्यान्वयनमा छ । मधेश प्रदेशमा बेटी पढाउ बेटी बचाउ कार्यक्रम पनि सञ्चालनमा छ (मधेश सरकार, २०७६) । यी विविध ऐन, नियम, नीति, योजना र कार्यक्रम कार्यान्वयनमा रहे तापनि मुसहर जातिको शैक्षिक अवस्थामा अपेक्षित उपलब्धि प्राप्त हुन सकेको छैन । आर्थिक सर्वेक्षण (२०८०/८१) का अनुसार आधारभूत तह (कक्षा १-५ र कक्षा १-८) को खुद भर्ना दर गत वर्ष (२०७९/८०) को तुलनामा क्रमशः १ दसमलव ५ प्रतिशत र १ प्रतिशत घटेको छ । उक्त सर्वेक्षणअनुसार गत वर्ष कक्षा १-५ खुद भर्ना दर ९७ दसमलव १ प्रतिशत र कक्षा १-८ को खुद भर्ना दर ९६ दसमलव १ थियो । कक्षा १-५ सम्मको टिकाउ दर गत वर्ष भन्दा ० दसमलव ७ प्रतिशत घटेको छ (अर्थ मन्त्रालय, २०८१) । यसले दिगो विकास लक्ष्य नम्बर ४ प्राप्तिमा असर गरेको स्पष्ट छ । मुसहर लगायतका दलित बालबालिकाहरूले विद्यालय बाहिर रहने सङ्ख्याको ठूलो हिस्सा ओगटेको छ ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार समग्रमा नेपालमा ५वर्ष र सो माथिका मुसहरको साक्षरता ३५ दसमलव ८ प्रतिशत रहँदा सबैभन्दा बढी जनसङ्ख्या रहेको मधेशमा मुसहरको साक्षरता ३० दसमलव ४ प्रतिशत छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०) । स्थानीय सरकारले किशोरी शिक्षा, अभिभावक शिक्षाजस्ता कार्यक्रम सञ्चालन गरे पनि अनिवार्य तथा निःशुल्क शिक्षा ऐन कार्यान्वयन हुन सकेको छैन (Action Aid International Nepal [AAIN], 2022) । विद्यालयले भर्ना अभियान सञ्चालन गरेको छ । दलित, विपन्नको लागि छात्रवृत्ति वितरण, विद्यालय जान प्रोत्साहन गर्न दिवा खाजा कार्यक्रम सञ्चालन गरे पनि विद्यालय उमेर समूहका बहुसङ्ख्यक मुसहर बालबालिका विद्यालय बाहिर छन् (TTID *et al.,* 2022) । शिक्षामा पछाडि परेको कारण मुसहर जातिले आफ्नो समग्र विकास गर्न सकेका छैनन् (Singh & Singh, 2023) । मुसहर जातिको सामाजिक, आर्थिक र शैक्षिक क्षेत्रका बारेमा केही अध्ययनहरू भएका छन् (खत्री, सन २००६; Poudel & Kattale, 2019; Pokharel, 2020; Giri, 2022; Giri & K.C., 2022) । यी अध्ययनहरूले उनीहरूको शैक्षिक पहुँच हुन नसक्नुका कारणहरू पर्याप्त व्याख्या विश्लेषण गर्न सकेको छैन । दिगो विकास लक्ष्य नम्बर ४ प्राप्तिमा स्थानीय सरकार, विद्यालय र अभिभावकका सकारात्मक प्रयासहरू के के भए ?

अनिवार्य तथा निःशुल्क शिक्षा लागू किन हुन सकेको छैंन ? अभिभावकको सहभागिता किन न्यून छ ? यी विषयमा अध्ययनहरू न्यून छ। सबै मुसहर बालबालिका विद्यालयमा भर्ना हुन नसक्नुको कारण के हो ? तह पूरा नगरी विद्यालय छोड्नुको कारण के हो ? विद्यालय शिक्षाको विकल्प किन दिन सकिएन ? यी विषयहरूको पनि न्यून अध्ययन भएका छन्। दिगो विकास लक्ष्य नम्बर ४ मा तोकिएअनुसार शिक्षा समावेशी, समतामूलक र गुणस्तरीय किन हुन सकेको छैन ? जीवनपर्यन्त सिकाइको प्रवर्द्धन किन हुन सकेको छैन ? यी प्रश्नहरूको सम्बोधन गर्न यो अध्ययन महत्त्वपूर्ण छ, तसर्थ यस अध्ययनको मुख्य उद्देश्य मुसहर बालबालिहरूको शिक्षामा बहिष्करण को विश्लेषण गर्नु हो।

## अध्ययन क्षेत्र

यो अध्ययन नेपालको *मधेश* प्रदेशको लालबन्दी नगरपालिका वडा नम्बर ४ को मुसहर टोलमा बसोबास गर्ने मुसहर जातिमा गरिएको छ। यस नगरपालिकाको वडा नम्बर ३ र ४ मा मुसहरहरूको बस्ती छ। राष्ट्रिय जनगणना २०७८ अनुसार लालबन्दी नगरपालिकामा मुसहरहरूको जम्मा जनसङ्ख्या ४ सय ३० छ, जसमा २ सय १५ पुरुष र २ सय १५ महिला छन्। प्रारम्भिक सर्वे (२०८१), अनुसार वडा नम्बर ४ मा मुसहर जातिका ३६ घर परिवार बसोबास गर्छन् र बहुसङ्ख्यक माझी थरका छन्। विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या ८९ रहेको छ। सामुदायिक विद्यालयमा भर्ना भएकाहरूको सङ्ख्या ४९ रहेको छ भने निजी विद्यालयमा अध्ययन गर्नेको सङ्ख्या २० छ। सामुदायिक विद्यालयमा भर्ना भएकाहरू अधिकांश बालबालिका विद्यालय तह पूरा नगरी बिचैमा छोडेका छन्। आधारभूत तह उत्तीर्ण गर्ने सङ्ख्या अति न्यून(दुई जना) छ। कक्षा ११ उत्तीर्ण गरेको एक जना मात्र विद्यार्थी छ भने माध्यमिक तह (कक्षा १२) उत्तीर्ण गर्ने विद्यार्थी छैनन्। अध्ययनकर्ता विद्यालयमा अध्ययन गर्न जाँदादेखि देखेको मुसहर जातिको शैक्षिक अवस्थामा हालसम्म पनि खासै सुधार आएको देखिएन। मुसहरबस्तीबाट हिँडेर ७ -१० मिनेटको दूरीमा माध्यमिक तहसम्म पढाइ हुने शिशुकल्याण उच्च माध्यमिक विद्यालय, २०-२५ मिनेटको दूरीमा जनज्योति नमूना प्राविधिक विद्यालय छ, तर पनि यिनीहरूको शैक्षिक अवस्था माथि उठ्न सकेको छैन। यी कारणहरूले गर्दा अध्ययनको लागि यो क्षेत्र छनोट गरिएको हो।

## अध्ययन विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचाको घटना अध्ययन विधिमा आधारित छ। घटना अध्ययन विधि गुणात्मक अनुसन्धान ढाँचाको एउटा विधि हो, जसमा शोधकर्ताले एक वा बढी व्यक्तिहरू वा कार्यक्रम, घटना, गतिविधि तथा प्रक्रियाको बारेमा गहनतम् अध्ययन गर्छ (Creswell, 2014)। अध्ययनको लागि उद्देश्यमूलक नमुना छनोट विधिबाट विविध विशेषता भएका नमूना छनोट गरिएको छ। विद्यालयमा भर्ना नभएका विद्यार्थीका अभिभावक तीन जना, विद्यालय बिचैमा छाड्ने बालबालिका र तिनका अभिभावक तिन-

तिनजना छनोट गरिएको छ । यसैगरी बस्ती नजिक रहेको विद्यालयका प्रधानाध्यापक र एकजना शिक्षक, नगरपालिकाको शिक्षा शाखा प्रमुख, ४ नम्बर वडा अध्यक्ष, अभिभावक शिक्षा कार्यक्रमको सहजकर्ता र किशोरी शिक्षा कार्यक्रमको सहजकर्तालाई पनि नमूनाको रूपका छनोट गरिएको छ । यी सहभागीहरूवाट सूचना सङ्कलन गर्न व्यक्तिगत अन्तर्वार्ता, लक्षित समूह छलफल र स्थलगत अवलोकन विधिहरू प्रयोग गरिएको छ । नोट टिपोट र अन्तर्वार्ता रेकर्ड गरी सूचना सङ्कलन गरिएको छ । विद्यार्थी, अभिभावक, शिक्षक, प्रधानाध्यापक, कर्मचारीसँग लक्षित समूह छलफल गरिएको छ । व्यक्तिका धारणा तथा विचार र अनुभवहरूलाई नोट टिपोट गरिएको छ । यसका साथै द्वितीयक सूचनाहरू विविध स्रोतहरू-नीतिगत दस्तावेजहरूको पुनरावलोकन, सैद्धान्तिक साहित्यहरू, अनुभवजन्य प्रतिवेदनहरू र इ-स्रोतबाट सङ्कलन गरिएको छ । प्राप्त सूचनाहरूलाई विश्लेषणको प्रक्रिया अनुसार कोडिङलाई एकीकृत गरेर थिम निर्माण गरी विश्लेषण गरिएको छ । यसका साथै पूर्वसाहित्यका प्राप्ति र निश्कर्षहरूको आधारमा थप व्याख्या, विश्लेषण र छलफल गरिएको छ ।

## प्राप्ति तथा छलफल

अध्ययनको क्रममा प्राप्त सूचनाहरूलाई मूलतः माग पक्ष र आपूर्ति पक्षमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

### माग पक्ष

#### *आर्थिक पक्ष*

बालबालिकाहरूलाई विद्यालय पठाउने तयारी गर्न अभिभावकको आर्थिक अवस्थाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । गरिबीको कारण मुसहर अभिभावकको लगानी क्षमता अति न्यून छ । मजदुरीबाट प्राप्त रकम दैनिक आपूर्तिमा सकिन्छ । एक जना अभिभावक भन्दछन् :

> दिउँसो खाजा खान दिए पनि विद्यालयले परीक्षा शुल्क लिन्छ । हामी मजदुरी गरेर खाने मान्छे कहाँबाट परीक्षाको पैसा तिर्नु ? बच्चाहरू कपि कलम किनी देउ भन्छन् कहाँबाट किनी दिनु ? पोशाक कहाँबाट किनी दिनु ? गत वर्ष (२०७९/८०) को दलित छात्तवृत्ति पनि विद्यालयले दिएन । बरु मजदुरी गरेर कमाउँ छन् । बालबालिकाले मजदुरी नगरेर के गर्नु सर ? घरमा खान छैन । घर चलाउनु पर्ने बाध्यता छ । यिनीको मजदुरीले दैनिक जीवन चलेको छ । कुनै व्यक्ति तथा निकायले हामीलाई कुनै सहयोग गरेको छैन (अन्तर्वार्ता १ असार २०८१)।

कक्षा दुईमा अध्ययन गर्दा गर्दै विद्यालय छोडेकी बालिकाको विचार यस्तो छ *"मसँग विद्यालय पोशाक छैन । बाबु आमाले किनिदिएका छैनन् । पोशाक नलगाइ गयो भने सर मेडमहरूले गालि गर्नु हुन्छ त्यसैले विद्यालय नगएको ।"* विद्यालयका प्रध्यानाध्यापक अभिभावक तथा बालिकाको विचारसँग सहमत राख्दै अगाडि भन्छन् :

> बालविकास बाहेक अरू कक्षाकासँग परीक्षा शुल्क लिन्छौं । अङग्रेजी माध्यममा पढ्नेहरूले अतिरिक्त शुल्क तिर्नु पर्छ । हामीसँग सीमित स्रोतको बाध्यता छ । कुनै वर्ष दलित छात्रवृत्तिको रकम नगरपालिकाबाट नआएको कारण विद्यार्थीहरूलाई वितरण गर्न सकिएन । बिचैमा विद्यालय छोडेका केही बालबालिकालाई पुनः विद्यालयमा फर्काउने प्रयास गरेका थियौं तर विद्यालय पोशाकको कारण सफल भएन । विद्यालयमा पोशाक अनिवार्य छ । विद्यालयले किनेर वितरण गर्न बजेट छैन । छात्रवृत्तिको रकम अभिभावकले बुझेर लगे पनि पोशाक किनी दिंदैनन (अन्तर्वार्ता ३० श्रावण २०८१) ।

मुसहर अभिभावकहरू, प्रध्यानाध्यापक, विद्यालय बिचैमा छोडेका बालबालिकाहरू सँगको छलफल र अवलोकनको क्रममा व्यक्त गरेका विचारका आधारमा मुसहर बालबालिकाहरूको विद्याालय बाहिर रहनुका कारण आर्थिक अवस्था रहेको स्पष्ट देखिन्छ । निःशुल्क तथा अनिवार्य शिक्षा भनिए तापनि विद्याालयले असुल्ने परीक्षा शुल्क, पोशाक, तथा शैक्षिक सामग्रीको अभाव आदिका कारणले उनीहरू विद्यालयको पहुँचमा पुग्न नसकेको देखिन्छ । यसको अर्थ विद्यालयको संरचना (नीति, मुल्य, संस्कृति, र अभ्यास) आफैं मुसहर जस्ता बालबालिकालाई बहिष्करण गर्ने स्रोत बनिरहेको छ । विद्यालयले गैरकानुनी अभ्यास गरिरहेको छ । नियम र कानुनलाई बेवास्त गर्ने, अनादर गर्ने र कार्यान्वयन नगर्ने परिवेशको रूपमा विद्यालय छ । सरोकार पक्षहरूको बेवास्ताको कारण विद्यालय यस्तो बाध्यात्मक अवस्थामा पुगेको छ । AAIN (2022) को प्रतिवेदनमा उल्लेख भए अनुसार अनिवार्य शिक्षा पनि निःशुल्क छैन । केही मुसहरहरूको आर्थिक अवस्था त्यति कमजोर छैन । मासिक आय परिवारको खर्च धान्न सक्ने छ । ट्र्याक्टर, डोजर चलाउँछन् । वैदेशिक रोजगारी (धेरैजसो भारत एक-दुई जना खाडी मुलुक) मा छन् । यिनीहरूका बालबालिका निजी विद्यालयमा पूर्व प्राथमिकदेखि ४ कक्षासम्म पढ्दै छन् । वडा नम्बर ४ का वडा अध्यक्षको भन्छन् *"धेरै जसो मजदुरी गरेर खान्छन् तर केहीले त कमाएर जमिन किनेका छन् । अलि कमाइ हुनेले बालबालिकालाई पढाएका पनि छन् । कतिपयले पढाएका छैनन् ।"* तर अधिकांश दलित आधारभूत आवश्यकता पूति गर्नु नभइ बाँच्नको लागि काम गर्दछन् (Subedi, 2022) । कमजोर आर्थिक अवस्था भएका अभिभावकलाई आय आर्जनबाट आत्मनिर्भर बनाउन वर्तमान शिक्षा प्रणालीले नसक्नु, विद्यालयको शिक्षा सान्दर्भिक नहुनु, विद्यालयप्रति उनीहरूको आकर्षण नहुनाको कारणले पनि मुसहर बालबालिका शिक्षाबाट बञ्चित भएका छन् । स्थानीय निकायले पनि यिनीहरूलाई सहयोग गर्न सकेको छैन ।

गरिब र सिमान्तकृत वर्गका बालबालिका विद्यालय जान सकेका छैनन् (K.C.,2022) । TTID *et al.,* (2023) ले मधेश प्रदेशमा गरेको अध्ययनमा धेरैजसो मुसहर अभिभावकले विद्यालय उमेरका बालबालिकालाई आर्थिक कारणले विद्यालय नपठाएको र केहीले विद्यालय पठाए पनि नियमित नपठाएको पाइएको छ । यस अध्ययनमा पनि गरिबीका कारण आफ्ना बालबालिकलाई विद्यालयमा भर्ना गर्न र नियमित विद्यालय पठाउन अभिभावकहरू असमर्थ रहेको पाइयो ।

### *वैकल्पिक शिक्षा*

नगरपालिकाको अभिलेखअनुसार युनिसेफको सहकार्यमा विद्यालयभन्दा बाहिर रहेका (विद्यालय नगएका र विद्यालयमा भर्ना भएका तर बिचैमा छोडेका) किशोरीहरूको शिक्षामा पहुँच विस्तारका लागि मुसहर बस्तीमा किशोरी शिक्षा कार्यक्रम सञ्चालन गरेको पाइयो । यस कार्यक्रमको सम्बन्धमा एकजना महिला सहजकर्ताको विचार सकारात्मक पाइएन । उनी भन्छन् *"किशोरीहरू कक्षामा नियमित नआउने, तोकिएको समयमा कक्षामा नआउने र संधै घर-घरबाट बोलाएर कक्षामा उपस्थित गराउँनु पर्दथ्यो । कोही बालविवाहको कारण छोड्दथे । मजदुरी गर्ने, माछा मार्न गएको बेलामा कक्षामा आउँदैनथे ।* यस भनाइमा सहमत हुँदै एक किशोरी भन्दछिन् *"मेरो विवाह भएकाले बुढाले पनि मजदुरी गर्न बाध्य पार्ने । घर खर्च चलाउनको लागि पनि काममा जानु पर्ने । बिहान काम गर्ने समयमा कक्षा हुन्थ्यो । फुर्सदको समयमा कक्षा सञ्चालन भएको भए कहिले काँही पढ्न जान सकिने थियो ।"* यी भनाइमा सहमत हुँदै एकजना अभिभावक भन्दछन् *"सानी छोरी हामी काममा जाँदा भान्सा बनाइ दिन्छे अन्यथा साथीहरूसँग खेलेर बस्दछे । ठूली काममा जान्छे ।"* लक्षित समूहको छलफलको क्रममा सरोकारवालाहरूको विचार पनि माथि कै विचारसँग सहमत पाइयो ।

सहजकर्ता, शिक्षा शाखा प्रमुखको विचार अनुसार ९ महिना सञ्चालन हुनु पर्ने कार्यक्रम ५देखि ६ महिनाभन्दा बढी सञ्चालन भएको पाइएन । औपचारिक शिक्षाबाट वञ्चित बालिकाहरूलाई वैकल्पिक उपायबाट शिक्षा दिने आवश्यकता थियो तर कार्यक्रम उद्देश्यअनुसाार सञ्चालन हुन नसकेको पाइयो । सहजकर्ताको फेरबदल हुनु, सहभागीहरू नियमित नहुनु, नियमित कक्षा सञ्चालन नहुनु, ज्यालादारीको जोखिम, बालविवाह र घरायसी कामको कारण किशोरी शिक्षा कार्यक्रम प्रभावकारी हुन नसकेको पाइयो । शिक्षा शाखा प्रमुख भन्छन् *"नगरपालिकाले अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ र सामुदायिक सिकाइसम्बन्धी छुट्टै नीति बनाएको छैन ।"* यसबाट स्थानीय निकायले आवश्यकता अनुसार छुट्टै ऐन, नियमावली, निर्देशिका तथा कार्यक्रम तयार नगर्ने र केन्द्र मै आश्रित भएको स्पष्ट हुन्छ । केन्द्रीय नीति तथा कार्यक्रमअनुसारको अनुगमन, मूल्याङ्कन प्रभावकारी रूपमा नभएको र साधन स्रोतको सदुपयोग हुन नसकेको पाइयो । World Education Nepal Country Office को वार्षिक प्रतिवेदन (2017) ले महोत्तरी,

सर्लाही र रौतहट जिल्लामा सञ्चालित शिक्षामा बालिकाको पहुँच कार्यक्रमले कमजोर आर्थिक अवस्था, बालविवाह, अभिभावकको निरुत्साह, विद्यालयको प्रतिकूल वातावरण बाबजुद पनि विद्यालय बिचैमा छोडेका बहुसङ्ख्यक दलित बालिका विद्यालयमा पुनः भर्ना भएका देखाएको छ । यसै गरी TTID *et al.,* (2023) ले मधेश प्रदेशको विभिन्न जिल्लामा गरेको अध्ययनमा घरायसी काम, अभिभावकको असहयोग, विद्यालयमा हुने अपमानजनक व्यवहार र शिक्षाप्रति नकारात्मक धारणाजस्ता कारण मुसहर बालिका शिक्षाबाट बञ्चित पाइएको छ । यी पूर्व अध्ययनहरूले उल्लेख गरे अनुसार शिक्षामा बालिकाहरूको पहुँचका अबरोधहरू यस अध्ययनको क्रममा पनि पाइयो ।

औपचारिक शिक्षामा समावेश हुन नसकेका तथा बञ्चित भएकाहरूका लागि वैकल्पिक शिक्षा महत्त्वपूर्ण अवसर हुनसक्छ । स्थानीय निकायले विद्यालय नगएका र विद्यालय बिचैका छोडेका बालिकाहरूको लागि  किशोरी शिक्षा कार्यक्रम सञ्चालन गर्नु बाहेक अन्य वैकल्पिक शिक्षाको कार्यक्रम सञ्चालन गरेको पाइएन । यस सम्बन्धमा शिक्षा शाखा प्रमुख भन्दछिन् “वैकल्पिक निरन्तर सिकाइको आवश्यक व्यवस्था गर्ने दायित्व स्थानीय निकायलाई भए पनि स्रोत साधनका कमी र राजनीति इच्छा शक्तिको कमीको कारण नगरपालिकाले एकपटक किशोरी शिक्षा कार्यक्रम सञ्चालन गरेको बाहेक वैकल्पिक शिक्षाको कार्यक्रम सञ्चालन गरेको छैन ।” यस भनाइमा सहमत हुँदै एकजना शिक्षक भन्दछन् :

> सबै बालबालिका विद्यालय आएका छैनन् । भर्ना भएका पनि टिकाउन सकिएको छैन । एकातिर अभिभावकले बालबालिका विद्यालय गए कि गएनन् भनि चासो नराख्नाले पनि बालबालिका विद्यालयमा आउन सकेका छैनन् । अर्कोतिर औपचारिक शिक्षा मुसहर समुदायको जीवनसँग जोडिन सकेन । उनीहरूको आवश्यकता पूरा गर्न असमर्थ भयो । यसकारण यो समुदायका बालबालिकाहरूको औपचारिक  शिक्षाप्रति आकर्षण भएन । यसको विकल्प दिनु पर्ने हो तर सम्बन्धित निकाय मौन छन् (अन्तर्वार्ता १ असार २०८१) ।

विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१ मा वैकल्पिक शिक्षकका रूपमा अनौपचारिक एवम् सिप विकाससम्बन्धी कार्यक्रम सञ्चालन भएका, सामाजिक तथा आर्थिक कारणले विद्यालय जान नसकेका ६ देखि ८ वर्ष उमेर समूहको लागि ३ वर्षे कार्यक्रम, ८ देखि १४ वर्ष उमेर समूहको लागि सङ्कुचित पाठ्यक्रमको माध्यमबाट अनौपचारिक रूपमा ३ वर्षे प्राथमिक शिक्षा कार्यक्रम र खुला विद्यालयजस्ता कार्यक्रम सञ्चालन गरिएको उल्लेख छ (शिक्षा विभाग,२०७१) तर स्थानीय निकायले यस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन । World Education Nepal Country Office को वार्षिक प्रतिवेदन (2017) का अनुसार अनौपचारिक शिक्षा कार्यक्रममा सहभागी बहुसङ्ख्यक दलित बालिका औपचारिक शिक्षामा भर्ना भएका छन्, तर यस अध्ययनमा औपचारिक शिक्षाबाहेक विद्यालयबाहिर

रहेका बालबालिकाहरूको शिक्षालाई निरन्तरता दिने कार्यक्रम पाइएन । यसरी शिक्षामा निरन्तरता दिने केन्द्रीय नीति कार्यन्वयन नभएको र स्थानीय निकाय आफैंले पनि कुनै नीति नबनाएको र औपचारिक शिक्षाको वैकल्पिक कार्यक्रम सञ्चालन हुन नसकेको अवस्था छ। साधनस्रोतको अभाव तथा राजनीति प्रतिवद्धताको कमिजस्ता कारण देखाइ बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारबाट बञ्चित गराउने प्रयास भएका छन् । स्थानीय निकायले संविधान, ऐन, नियम तथा नीतिले तोकेको दायित्व पूरा गर्न सकेको पाइएन ।

### *अभिभावक शिक्षा*

लालबन्दी नगरपालिकामा रहेको अभिलेखअनुसार विद्यालय शिक्षाको लागि एकीकृत समता रणनीति,२०७१ कार्यान्वयन गर्न आवश्यक भएकाले मुसहर टोलमा प्रारम्भिक बालविकासको लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन भएको पाइयो । अभिभावक शिक्षा कार्यक्रमकी सहजकर्ताको यस कार्यक्रमप्रतिको दृष्टिकोण यस्तो छ :

> ३३ वटा सत्रहरू सञ्चालन गर्नु पर्ने थियो २१ वटा सत्रहरू मात्र सञ्चालन भए । बालविकास र कक्षा एकमा अध्ययन गर्ने बालबालिकाहरूका अभिभावकहरूको सहभागिता थियो । अरु कक्षामा पढ्ने बालबालिकाहरूका अभिभावकहरूले रुची देखाएका थिए तर उनीहरूलाई सहभागी गराउन सकिएन । सुरुआत दिनमा सहभागिता राम्रै थियो तर पछि गएर सहभागिता घट्दै गयो । यस कार्यक्रमले बालबालिकाको भर्नामा केही प्रगति भएको थियो (अन्तर्वार्ता १ असार २०८१) ।

सहजकर्ताको विचारसँग सहमत हुँदै शिक्षा शाखा प्रमुखले भनिन् :

> अभिभावक शिक्षासम्बन्धी छुट्टै कानून,योजना तथा कार्यक्रम नगरपालिकाले बनाएको छैन । तर विद्यालय शिक्षाको लागि एकीकृत समता रणनीतिअनुसार विद्यालय शिक्षामा पहुँच विस्तार गर्न र समता ल्याउन विभिन्न कार्यक्रम विद्यालयमा लागू गरे पनि यी कार्यक्रमले मात्रै दलित, विपन्न समुदायका बालबाकालिकाको पहुँच विस्तार हुन सकेन । त्यसैले यो कार्यक्रम लागू गरेका थियौं (अन्तर्वार्ता १ असार २०८१) ।

विद्यालयका एक जना शिक्षक अलि फरक विचार राख्दै भन्दछन् *"सरसफाइ, हेरविचार र बालबालिकाको अधिकारको क्षेत्रमा खासै प्रगति भएको देखिएन । केही अभिभावक बालबालिकालाई विद्यालयमा भर्ना नै गर्दैनन, विद्यालय गए नगएको खोजी गर्दैनन् र बालबालिकालाई विद्यालयमा नियमित पठाउँदैनन् ।"* अभिभावक शिक्षाको सम्बन्धमा एक महिला अभिभावकको अनुभव यसरी सुनाइन् :

> मजदुरी गर्न जानु पर्ने भएकाले मैले नियमित कक्षा लिन पाइँन । हाम्रा बालबालिका विद्यालमा भर्ना त गरेछौं । तर आफू बिहानै काममा हिँडो बच्चाहरू घरमै खेलेर

> बस्छन् कि विद्यालयबाट बिचैमा भागेर आएका हुन्छन् । चाहेर पनि बच्चाहरूको हेरबिचार गर्न सकेको छैन । लोग्ने मान्छे काममा जाँदा दिनभर कमाएको पैसाले साँझ रक्सी खाएर फर्कन्छन् । काममा नगएको बेला बिहानदेखि नै रक्सीको बोतल समाएर बस्दछन् (अन्तर्वार्ता १ असार २०८१) ।

अध्ययनकर्ताले अवलोकन गर्दा बालबालिकाको एक समूह खेतमा पानी लाउनको लागि बनाएको पैनी (कुलो)मा खेलिरहेका थिए । उनीहरूको खुट्टा खाली थियो । उनीहरूले लगाएका कपडाहरू पनि सफा थिएनन् । विद्यालय जान सक्ने उमेरका थिए । यो दृश्य देखेपछि नजिकमा रहेका एकजना मुसहर अभिभावकसँग जिज्ञासा राख्ने क्रममा उनले भने *"मेरो घरका बच्चााहरू विद्यालय जान्छन् तर यिनीहरूका बाबु आमालाई बच्चाहरू विद्याालय पठाउनु पर्छ भन्यो भने माँदैनन् । यिनीहरू बच्चा जन्माउने काम गर्छन् र खान दिन्छन् अरु भगवान भरोसामा छोड्छन् ।"*

अध्ययनको क्रममा भएको छलफलमा नगरपालिकाले आफ्नै छुट्टै अभिभावक शिक्षासम्बन्धी ऐन, नियम तथा योजना बनाएको पाइएन । केन्द्रीय कार्यक्रमका रूपमा मुसहर बस्तीमा प्रारम्भिक बालशिक्षा र विकासको सबलीकरणको लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन भएको पाइयो । यस कार्यक्रमको प्रभाव स्वरूप केही आर्थिक अवस्था राम्रो भएका अभिभावकले निजी विद्यालयमा आफ्ना बालबालिका भर्ना गरेको पाइयो तर सामुदायिक विद्यालयमा भर्ना बृद्धि भएको पाइएन । यस कार्यक्रमले मुसहर अभिभावकलाई आकर्षित गर्न नसकेको पाइयो । पाठ्यक्रमले निर्धारण गरेका ३३ वटा कक्षाहरू नहुनु, पूरा समयसम्म कक्षा नहुनु, सम्पूर्ण विषयवस्तुहरू अध्यापन नगराइनु, सहभागीहरू नियमित नहुनुका कारण कार्यक्रम प्रभावकारी नभएको पाइयो । धेरैजसो मुसहर अभिभावकहरू आफ्ना बालबालिकाको हेरविचार, सरसफाइ, शिक्षाप्रति सचेत नभएको पाइयो । कतिपय बालबालिका घरायसी काममा संलग्न भएको पाइयो र बालबालिकाको शिक्षाका लागि सकरात्मक प्रयास गरेका पाइएन । Durisic & Bunijevac (2017) का अनुसार बालबालिकाको पालनपोषण र शैक्षिक सफलतामा अभिभावक तथा परिवारको धेरै प्रभाव परेको हुन्छ । जुन बालबालिकाका अभिभावक आफ्ना बालबालिकाको शैक्षिक प्रक्रियामा सक्रिय रूपले संलग्न हुन्छन्, तिनीहरूको शैक्षिक उपलब्धि शैक्षिक प्रक्रियामा सक्रिय रूपले संलग्न नहुने अभिभावकका बालबालिकाको तुलनामा राम्रो पाइएको छ । यसैगरी युनिसेफ, सेतो गुँरास र शिक्षा विभागले संयुक्त रूपमा विभिन्न पाँच जिल्लामा गरेको अध्ययनमा हेरचाहकर्ताहरूको बालविकासको लागि ज्ञान र अभ्यासमा सकारात्मक परिवर्तन आएको पाइयो (UNICEF & Seto Gurans National Child Development Services [SNCDS], 2016/2017). Oranga *et al.* (2023) का अनुसार अभिभावकको सक्रिय सहभागिता भएमा बालबालिका स्वस्थ, खुशी हुनुका साथै विद्यालय जान सक्षम हुन्छन्, तर यस अध्ययनमा बालबालिकाको शैक्षिक प्रक्रियामा धेरैजसो

अभिभावकहरूको सक्रिय सहभागिता पाइएन । Thapa (2023) ले काठमाडौँमा गरेको अध्ययनमा बालबालिकालाई शैक्षिक क्रियाकलापमा उत्प्रेरित गर्न अभिभावक आफैले रणनीतिहरू अपनाएको पाइएको छ, तर यस अध्ययनमा धेरैजसो अभिभावकहरूले शिक्षा प्राप्तिको लागि कुनै रणनीति अपनाएको पाइएन । यसकाण पूर्व अध्ययनहरूसँग यस अध्ययनको प्राप्ति मेल खाएको पाइएन ।

**आपूर्ति पक्ष**

***प्रणालीगत अवरोधहरू***

विद्यालयको अभिलेख विश्लेषण गर्दा सबै मुसहर बालबालिका विद्यालय जान सकेका छैनन् । विद्यालयमा भर्ना भएका बालबालिका पनि तह पूरा नगरी छाडेका छन् । बालबालिका विद्यालय नपठाउने एकजना अभिभावक भन्दछन् *"मेरो नागरिकता छैन । नागरिकता नभइ जन्म दर्ता हुँदैन भनेर वडाले जन्म दर्ता गर्न मान्दैन । विद्यालय भर्ना गर्न जन्मदर्ता अनिवार्य चाहिन्छ भन्नु हुन्छ हेडसर । कसरी विद्यालय पठाउने ? विद्यालय पठाउन त मन छ तर के गर्नु ?"* वडा नम्बर ४ का वडा अध्यक्ष र प्रधानाध्यापक पनि यो भनाइमा सहमत छन् तर शिक्षा शाखा प्रमुखको भनाइ फरक छ । उनी भन्दछिन् *"जन्म दर्ताको केही समस्या छ तर विद्यालयहरूलाई जन्म दर्ता नभए पनि अस्थाइ भर्ना गरेर भए पनि बालबालिकाको शिक्षा अधिकारबाट बञ्चित गर्नु हुँदैन भनेका छौं । कतिपयले मानेका छन् कतियिले मानेका छैनन् ।"*

यी विचारमा सहमति जनाउँदै विद्यालयका एकजना शिक्षक थप आफ्नो विचार राख्दै भन्दछन् :

> विद्यालयमा आएकाहरू पनि कपि, कलम नलिइ आउँछन् । कपि, कलम लिएर आउनु भन्यो भने अर्को दिनबाट आउन छाड्छन् । बालविकासदेखि कक्षा दुई सम्मकालाई कपि, पेन्सील हामी नै दिन्छौं । अरुलाई दिएको छैन । ठुला कक्षामा अलि भिन्न समस्या पनि छ । बिचमा पढन छोडेकाहरूलाई खोजेर ल्यायो केही दिन आउँछन तर उनीहरूसंगै पढ्ने अरु बालबालिका साना छन् । आफूभन्दा सानासँग पढ्न हिनता बोध हुँदो रहेछ र अरु साथीहरूको फरक व्यवहार पनि फरक पाउँछन् । फेरि छोड्छन् (अन्तर्वार्ता १ असार २०८१) ।

विभिन्न व्यक्तिहरूका विचारअनुसार विविध प्रणालीगत अवरोधको कारण मुसहर बालबालिका विद्यालय शिक्षाबाट बञ्चित पाइयो ।

पहिलो कारण जन्म दर्ता । नगरपालिका भित्रका विद्यालयहरूमा भर्ना प्रक्रियामा एकरूपता छैन । केही अभिभावकको नागरिकता नभएकाले बालबालिकाको जन्म दर्ता हुन सकेको छैन । जन्मदर्ता नभइ विद्यालयमा भर्ना हुँदैन तर कुनै विद्यालयमा अस्थायी

भर्ना गरिएको छ । वर्षौंदेखिको मुसहरहरूको नागरिकताको समस्या विद्यमान छ (खत्री, सन २००६) । जन्म दर्ता नभएको कारण मुसहर बालबालिहरू  विद्यालय जानबाट बञ्चित भएको पाइयो ।

दोस्रो कारण विद्यालय पोशाक तथा शैक्षिक सामग्री पाइयो । विद्यालयको आन्तरिक स्रोत साधन कमी र स्थानीय निकाय मार्फत प्राप्त हुने रकम पनि प्रर्याप्त नभएको कारण विद्यालयले पोशाक तथा शैक्षिक सामग्री सबैलाई वितरण गर्न सकेको छैन । पोशाक नलगाइ विद्यालय आउन पाउँदैनन् । कपि कलम लिएर गएन भने शिक्षकले गाली गर्छन् । यसकाण भर्ना भएका बालबालिको बिचैमा विद्यालय छोडेको पाइयो । यस अध्ययनको क्रममा अभिभावकले आफूलाई रक्सी खान पैसा खर्च गर्ने गरेको तर बालबालिकाको शिक्षाको लागि आवश्यक कापी, कलम र विद्यालय पोशाकमा खर्च नगरेको पाइयो । विद्यालयबाट प्राप्त छात्रवृत्ति रकम पनि सदुपयोग भएको पाइएन । Vertex Consultant (2075) को अध्ययनमा पनि छात्रवृत्तिको रकम सदुपयोग नभएको पाइएको छ ।

तेस्रो कारण  हिनताबोध । विद्यालय बिचैमा छोडेका बालबालिका पुनः  विद्यालय प्रवेश गर्दा नियमित अध्ययन गर्ने साथीहरूको तुलनामा पढाइमा आफू कमजोर महसुस गर्ने, आफू भन्दा साना उमेर भएकाहरूसँग संगै पढ्न हिनताबोध हुने र अरु साथीहरूको फरक व्यवहार हुने हुँदा  मुसहर बालबालिकाले बिचैमा पढाइ छाडेको पाइयो ।

### *शिक्षणको माध्यम*

नेपालको संविधानमा बालबालिकाहरूले आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकारको व्यवस्था छ  । छलफलको क्रममा केही सहभागीको धारणाअनुसार विद्यालयमा सिकाइको माध्यम नेपाली वा अङ्ग्रेजी भाषा छ । मुसहर बालबालिकाले प्रयोग गर्ने भाषा ठेठी  भाषा हो (नागवंशी, २०७४) । बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका बालबालिकाले विद्यालयमा प्रयोग भएको शिक्षणको भाषा बुझ्दैनन् । भाषिक समस्याको कारण पनि बालबालिकाले विद्यालय बिचैका छोडेको पाइयो । आधारभूत तहसम्म मातृभाषामा पढ्न पाउनुपर्ने संविधान प्रदत्त मौलिक हकबाट बालबालिका बञ्चित छन् । Maharjan (2016) र Khanal (2017) ले गरेको अध्ययनमा नेपाली मातृभाषा नबोल्ने बालबालिकाको शिक्षा प्राप्तिमा भाषा अवरोधको रूपमा रहेको पाइएको छ । शिक्षा तथा मानव विकास केन्द्र, भाषा आयोग, युनेस्को र ब्रिटिश काउन्सिलको सहकार्यमा युनिसेफले गरेको अध्ययनमा विद्यार्थीहरूले आफ्नो मातृभाषा प्रयोग गर्न पाएनन् भने सिकाइ प्रभावकारी नहुने निष्कर्ष निकालेको छ (Center for Education and Human Resource Development [CEHRD] *et al.* (2024) । यसरी विद्यालयमा भर्ना कम हुनु, बिचैमा पढाइ छोड्नु शिक्षामा बञ्चित हुनु हो ।

## निष्कर्ष

दिगो विकास लक्ष्य नम्बर ४ प्राप्तीको लागि नेपालका तीन तह (संघीय, प्रदेश र स्थानीय) का सरकारहरूको महत्त्वपूर्ण भूमिका छ । विद्यालय तहको लक्ष्य प्राप्तिमा बढी महत्त्वपूर्ण भूमिका स्थानीय सरकारको छ । लालबन्दी नगरपालिकाले बालबालिकाको शिक्षामा पहुँच पुऱ्याउन विद्यालय मार्फत छात्रवृत्ति वितरण र दिवा खाजा कार्यक्रम सञ्चालन गरेको छ । मुसहर बालबालिका लक्षित अभिभावक शिक्षा र किशोरी शिक्षा कार्यक्रम सञ्चालन गरेको पाइयो, तर यी कार्यक्रम त्यति प्रभावकारी भएको पाइएन । केही मुसहर बालबालिका विद्यालय भर्ना भएका छैनन् भने विद्यालय भर्ना भएका अधिकांशले बिचैमा छोडेका छन् । यो दिगो विकास लक्ष्य नम्बर ४ प्राप्तिको लागि चुनौती भएको छ । शिक्षाका माग पक्षअन्तर्गत खासगरी लगानी कमजोर हुनु, वैकल्पिक शिक्षाको कार्यक्रम सञ्चालन नहुनु, आपूर्ति पक्ष अन्तर्गतका प्रणालीगत अवरोधहरू, शिक्षणको माध्यमको कारण मुसहर बालबालिकाका शिक्षाबाट वञ्चित भएका छन् । यसैगरी शिक्षाको आवश्यकताअनुसार नहुनु, दैनिक जीवनसँग नगाँसिनु, शिक्षा रूपान्तरणात्मक नहुनु जस्ता कारणहरूले पनि मुसहर बालबालिकामा शिक्षाको पहुँच बिस्तार भएको पाइएन । मुसहर बालबालिका संविधान प्रदत्त हक तथा अनिवार्य तथा निःशुल्क शिक्षा ऐनले व्यवस्था गरेको अधिकारबाट बञ्चित छन् । मुसहर बालबालिकाको शिक्षामा पहुँच पुऱ्याउन र शिक्षा अधिकार सुनिश्चित गर्न शिक्षालाई उनीहरूको सिप तथा कामसँग गाँस्नु पर्दछ । रूपान्तरणात्मक शिक्षा उनीहरूको आवश्यकता हो । आवश्यकता, रुचीअनुसार उनीहरूको भाषामा औपचारिक तथा अनौपचारिक शिक्षा दिन सकियो भने मात्रै शिक्षा समानतामा आधारित हुन्छ । शिक्षामा पहुँच पुग्छ र समावेशी हुन्छ । मुसहर अभिभावकको सामाजिक पूँजीले शिक्षामा पारेको प्रभाव, मुसहर अभिभावकको शिक्षाप्रतिको दृष्टिकोणका बारेमा थप अध्ययन गर्न बाँकी छ ।

## सन्दर्भ सामग्री


अर्थ मन्त्रालय (२०८१), *आर्थिक सर्वेक्षण २०८०/०८१,* ।

कोइराला, मातृकाप्रसाद (सन्२०१३), नेपालमा शिक्षा अधिकारः समस्या र समाधान । *Smart Vision: A Journal of Educational Research, 1,*131-136.Thakur Ram Campus Birgunj: Statistical and Mathematical Association for Research and Teaching.

खत्री, नानीराम (सन् २००६), फत्तेपुर, सप्तीका मुसहरहरूः सामाजिक र आर्थिक परिवेश तथा समावेशीकरणको मुद्दा । *CNAS Journal, 33*(2), 249-274. https://himalaya.socanth.cam.ac.uk/collections/journals/contributions/pdf/CNAS_33_02_06.pdf. Accessed: 02.08.2024

नागवंशी, उपेन्द्रभगत (२०७४,माघ २८), भाषिक पहिचान मेटाउने साजिस, नागरिक दैनिक । https://nagariknews.nagariknetwork.com/opinion/139642-1518319980.html

बराल, वाशु (२०५०), *हिन्दू सामाजिक सङ्गठनको प्रारुप,* साझा प्रकाशन ।

मधेश सरकार (२०७६), *मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ अभियान कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ ।* https://ocmcm.madhesh.gov.np/sites/ocmcm/files/2020-02/मुख्यमन्त्री%20बेटी%20पढाउ%2C%20बेटी%20बचाउ%20. Accessed:04.05.2024

राष्ट्रिय तथ्याङ्क कार्यलय (२०७८), *राष्ट्रिय जनगणना २०७८ संक्षिप्त नतिजा।*

राष्ट्रिय दलित आयोग (२०८०), *तेस्रो वार्षिक प्रतिवेदन आ.व. २०७९/८० ।*

राष्ट्रिय योजना आयोग (सन् २०१७), *दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्र,२०१६-२०३० ।*

शिक्षा विभग (२०७१), *विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति ,२०७१।*

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०), *शैक्षिक सूचना, २०८०।* https://www.moest.gov.np/post/5_6684f030e8c73.Accessed:01.06.2024

Action Aid International Nepal (2022). *Nepal Citizens' Education Report 2022.* https://nepal.actionaid.org/sites/nepal/files/publications/Full%20CER%20Report%20Nepal-2022_1.pdf.Accessed.05.08.2024

CEHRD, Language Commission, UNICEF, UNESCO, & Bristish Council. (2024). *Understanding the Impact of Languages and Language Policies on Children's Learning Outcomes in Nepal*. https://www.unicef.org/nepal/reports/understanding-impact-languages-and-language-policies-childrens-learning-outcomes-nepal.Accessed:01.06.2024

Creswell, J.W. (2014). *Research Design Qualitative, Quantative and Mixed Method Approach*. Sage Publication.

Crooke, W. (1974). *The Tribes and Caste of the North Western India, vol. 1*. https://ia601401.us.archive.org/4/items/in.ernet.dli.2015.149957/2015.149957.The-Tribes-And-Castes-Of-The-North-Western-India,vol-1.pdf. Accessed: 05.06.2024.

Dahal, D.R. (1983). Econnomic Development through Indigenous Meanns: A case Study of India Migration in the Nepal. *CNAS Journal*, *11*(1), 1-20. https://himalaya.socanth.cam.ac.uk/collections/journals/contributions/pdf/CNAS_11_01_01.pdf.Accesed: 05.05.2024

Durisic, M. & Bunijevac, M. (2017). Parental Involvement as a Important Factor for Successful Education. *Center for Educational Policy Studies Journal*, *79*(3), 137-153. https://www.pedocs.de/volltexte/2017/14918/pdf/cepsj_2017_3_Durisic_Bunijevac_Parental_involvement.pdf.Accessed: 09.07.2024.

Ghurye, G. S.(1961*). Caste, Class and Occupation.* Popular book Depot Collection. https://archive.org/details/casteclassoccupa0000unse/page/n6/mode/1up. Accessed: 10.08.2024.

Giri, M. (2022**).** Globalization of Livelihood: Weakening of Caste-based Labor Regime of the Musahars. *Patan Prospective Journal, 2*(2)*,* 84-97. https://doi.org/10.3126/ppj.v2i2.52909

Giri, M. & K.C., G. (2022). Ex-Haruwa and Their Educational Struggle of the Musahar Community at Siraha*. Patan Pragya, 10*(1), 95-106. https://doi.org/10.3126/pragya.v10i01.50600

IOM. (2019). *Migration in Nepal a Country Profile.* https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf. Accessed: 22.08.2024.

K.C., Ganga (2020). Knowledge and Practice of Fertility Behavior among the Musahar Women in Nepal. *Patan Pragya, 7*(1), 78-90. https://doi.org/10.3126/pragya.v7i1.35108

Khanal, P. (2017). Falling prey to the dominant culture? Demystifying symbolic violence against ethnic minority students in Nepal. *Pedagogy, Culture & Society, 25*(3), 457-467. http://dx.doi.org/10.1080/14681366.2017.1280841

Koirala, M.P. (2022). *Effect of COVID-19 in Learning Engagement of Children in Lalbandi Municipality: A Mixed Metho Research***.** (A Mini- Research Report). Research Directorate, Rector's Office, Tribhuvan University, Nepal.

Maharjan, S. (2016). Parental Involvement and Education Development in Nepal. *International Journal of African and Asian Studies. 27*, 50-54. *https://iiste.org/Journals/index.php/JAAS/article/view/34016/34984. Accessed: 04.08.2024.*

National Statistics Office. (2023). *Population by caste/ethnic-groups and sex.* https://censusnepal.cbs.gov.np/results/downloads/caste-ethnicity. Accessed: 05.05.2024

Oranga, J., Matere, A., & Nyakundi, E. (2023). Importance and Types of Parental Involvement in Education. *Open Access Library Journal, 10,* 1-9. https://doi.org/10.4236/oalib.1110512

Pokharel, B. (2020). Strained Identity: Cultural and Religious Rituals of a Musahar Community. *Social Inquiry: Journal of Social Science Research, 2,*(1) 128-150. https://doi.org/10.3126/sijssr.v2i1.28912.

Poudel, B & Kattale, S. (2019). Social Changes in Musahar Community: A Case Study of Dhanusa District of Nepal. *Nepal Journal of Multidisciplinary Research (NJMR). 2*(4),9-16. https://doi.org/10.3126/njmr.v2i4.28703

Sahay, G.R. (2019) Substantially Present but Invisible, Excluded and Marginalised: A Study of Musahars in Bihar. *Sociological Bulletin, 68*(1), 25–43. https://doi.org/10.1177/0038022918819357.

Singh, R. & Singh, P. (2023). Musahar in Uttar Pradesh: A Caste Searching for its Identity in Contemporary India. *Journal of Social Inclusion Studies, 9* (1), 129–138. https://doi.org/10.1177/23944811231175976

Subedi, B.P. (1991). International Migration in Nepal: Towards an Analytical Framwork. *CNAS Journal, 18*(1), 83-102. https://lib.icimod.org/record/9802. Accessed: 02.08.2024

Subedi, M. (2010). Caste system: Theories and Practices in Nepal. *Himalayan Journal of Sociology & Anthropology, 4*(2010), 134-159. https://doi.org/10.3126/hjsa.v4i0.4672

TTID, Janaki Women's Awareness Society (JWAS), & National Institute for Development and Research Limited (NIDR). (2022). *Ethnographic Participatory Research for Musahar Girl's Education (PEAR-MGE)*. Kathmandu Nepal. https://girlseducationchallenge.org/media/qweojyb5/rrlf-nidr-report-may-2023.pdf. Accessed: 10.8.2024.

Thapa, R. D. (2023). Parental Roles for Their Children's Educational Activities in Nepal. *International Journal of Innovative Reseach in Multidisciplinary Education, 02*(11), 613-617. https://doi.org/10.58806/ijirme.2023.v2i11n09

UNICEF & SNCDS. (2016/2017*). Formative Study on Parental Education in Five Districts of Nepal*. https://setoguransncds.org.np/storage/download/1561704364_PE%20formative%20study_final%20-%20Proffed-converted.pdf. Accessed: 05.08.2024.

Vertex Consoltant. (2075). *A study on the Effectiveness of the Scholarship Providded at School Level and Identification of measures for its Improvent*. AStudy Report, Department of Education, Bhaktapur.

World Education Nepal Country Office. (2017). *Annual Report, 2017*. https://nepal.worlded.org/wp-content/uploads/2018/05/2017-Annual-Report.pdf. Accessed: 08.08.2024